**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०२ फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- रेल मन्त्रालयले आर्थिक वर्ष 2026-27 को लागि पश्चिम बंगाललाई 14 हजार 205 करोड रुपियाँ आवंटित गरेको छ। रेलमन्त्री अश्विनी वैष्णवले बुलेट ट्रेनले वाराणसीलाई पश्चिम बंगालको सिलिगुडीसँग जोड्ने बताउनुभएको छ।

- पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्ड (WBSED) को परीक्षा आजदेखि कडा सुरक्षा र राज्यभर उत्साहजनक वातावरणमा सुरु भएको छ। सिलगढी, दार्जीलिंग , खारसंग , कालेबुंग लगायत मिरिकमा शान्तिपूर्ण र व्यवस्थित रूपमा परिक्ष सुरु भएको छ |

- कलकत्ता उच्च न्यायालयले आज पश्चिम बंगाल पुलिस र कोलकाता पुलिसलाई विपक्षी दलका निर्वाचित प्रतिनिधिहरूको सार्वजनिक राजनीतिक कार्यक्रमहरूमा पूर्ण र प्रभावकारी सुरक्षा सुनिश्चित गर्न निर्देशन दिएको छ।

- आज राज्य सभा सांसद हर्ष वर्धन श्रृंगलाले संसदको शून्य कालमा दार्जीलिङ्ग पहाड र उत्तर बंगालमा केन्द्रीय सरकार स्वास्थ्य योजना (CGHS) सुविधाको अभावबारे संसदको ध्यान आक्रसित गराउनुभयो।

- पश्चिम बंगालका प्रमुख उद्योगपतिहरू, वाणिज्य संघका अध्यक्षहरू र व्यापार संघका अधिकारीहरूले केन्द्र सरकारले प्रस्तुत गरेको बजेटलाई सन्तुलित र विकासमुखी बताएका छन्।

**पश्चिम बंगाल-रेल मंत्री**

रेल मन्त्रालयले वित्त वर्ष 2026-27 का लागि पश्चिम बंगाललाई 14 हजार दुई सय पांच करोड रुपियाँ आवंटित गरेको छ। रेलमन्त्री अश्विनी वैष्णवले भन्नुभयो बुलेट ट्रेनले वाराणसीलाई पश्चिम बंगालको सिलिगुडीसित जोड्ने छ। यो सेवाको विस्तार ,पछि असम सम्म गरिनेछ। उहाँले डंकुनीदेखि सुरत सम्म माल ढुलाई करिडोरको पनि उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो अदालतको आदेशको बाबजुद पनि पश्चिम बंगाल सरकारले कोलकाताको चिनरिघाटामा मेट्रो रेल परियोजनाको लागि भूमि दिएको छैन। श्री वैष्णवले भन्नुभयो विगत 40 वर्षमा कोलकातामा 27 किलोमीटर मेट्रो लाइनहरू बिछयाइएको थियो भने एनडीए सरकारको पछिल्लो 11 वर्षमा 45 किलोमिटर लाइनहरू बिछयाइएको छ। उहाँले रेल दुर्घटनामा हात्तीको मृत्यु रोक्न एआई तकनीकको प्रयोग गरिने बताउनु भएको छ।

**पश्चिम बंगाल माध्यमिक परिक्ष**

पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्ड (WBSED) को परीक्षा आजदेखि कडा सुरक्षा र राज्यभर उत्साहजनक वातावरणमा सुरु भएको छ। मेदिनीपुर डिभिजनका विभिन्न जिल्लाहरूमा प्रशासन, पुलिस, वन विभाग र सामाजिक संस्थाहरूको सक्रिय सहभागिता देखिएको छ, जसले गर्दा परीक्षार्थिहरूमा आत्मविश्वास जागृत भएको छ। यसैबीच, राज्य प्रशासनले परीक्षाको सहज सञ्चालनको लागि व्यापक व्यवस्था गरेको छ।परीक्षार्थीहरू परीक्षा केन्द्रतर्फ प्रस्थान गर्दा बांकुरा जिल्लाको विष्णुपुरको शिरोमणीपुर गाउँमा भावनात्मक दृश्य देखा पऱ्यो। गाउँका महिलाहरूले परम्परागत रूपमा विद्यार्थीहरूलाई स्वागत गर्न शंख बजाए। सिलगढीका विभिन्न परीक्षा केन्द्रहरूमा पनि आज माध्यमिक परीक्षा शान्तिपूर्ण र व्यवस्थित रूपमा सुरु भयो।हरेक वर्ष जस्तै,

बोर्डको निर्देशन पालना गर्दै परीक्षार्थीहरू परीक्षामा उपस्थित भए। सबै परीक्षा केन्द्रहरूमा बिहान देखि पर्याप्त पुलिस बल तैनाथ गरिएको थियो। दार्जिलिङ जिल्ला माध्यमिक बोर्डका संयोजक सुप्रकाश राईले प्रशासनले सबै सम्भव सहयोग प्रदान गरिरहेको बताउनुभयो। यस वर्ष, सिलगढीमा कुल १७ हजार ४९९ परीक्षार्थीहरूले माध्यमिक परीक्षा दिइरहेका छन्, जसमा ७ हजार ५१० केटाहरू र लगभग १० हजार केटीहरू समिल छन्।विद्यार्थीहरूको मनोबल बढाउन विभिन्न परीक्षा केन्द्रहरूमा पुलिस अधिकारीहरूले विद्यार्थीहरूलाई अभिवादन गर्दै गरेको देखियो। पुलिसले परीक्षार्थीहरूलाई चकलेट र कलम पनि वितरण गरेको थियो।दार्जीलिंग , खारसंग र कालेबुंगमा पनि माध्यमिक परिक्ष शान्तिपूर्ण र व्यवस्थित रूपमा सुरु भएको छ|मिरिक महकुमा पनि पश्चिम बंगाल माध्यमिक बोर्ड परीक्षा सान्ति पूर्ण रुपमा सुरु भएको छ | यस वर्ष मिरिकमा ३०२ जना परीक्षार्थीहरुले परीक्षा लेखि रहेका छन्। जसमा १३९ छात्रहरु अनि १६३ जना छात्राहरु रहेक छन्। मिरिकमा तीनवटा परीक्षा केन्द्रहरुहरु स्थापना गरिएको छ।जसमा प्रमुख परीक्षा केन्द्रको रुपमा फुवागढी उच्चत्तर माध्यमिक विद्यालय रहेको छ।यसको अतिरिक्त मिरिक उच्चत्तर माध्यमिक विद्यालय अनि डनबस्को स्कुल रहेका छन्। तीनवटा परीक्षा केन्द्रमा सीट एरेजमेन्ट लगायत बिजुली बत्ती रुम हिटर जडान गर्नेकाम लगायत आवश्यक पूर्वाधारहरु सम्पूर्ण ब्यावस्था गरिएको छ।

**मुख्यमन्त्री माध्यमिक शुभकामना**

मुख्यमन्त्री ममता ब्यानर्जीले आज एक सोशल मीडिया पोस्टमा राज्यका सबै माध्यमिक परीक्षार्थीहरूलाई शुभकामना दिनुभयो।आफ्नो पोस्टमा मुख्यमन्त्रीले सबै विद्यार्थीहरूको उज्जव तथा आशावादी भविष्यको कामना गर्नुभयो।

**कलकत्ता उच्च न्यायालय/ विपक्षी दल**

कलकत्ता उच्च न्यायालयले आज पश्चिम बंगाल पुलिस र कोलकाता पुलिसलाई विपक्षी दलका निर्वाचित प्रतिनिधिहरूको सार्वजनिक राजनीतिक कार्यक्रमहरूमा पूर्ण र प्रभावकारी सुरक्षा सुनिश्चित गर्न निर्देशन दिएको छ। न्यायालयले स्पष्ट रूपमा भनेको छ कि कुनै पनि परिस्थितिमा कानून र व्यवस्थामा सम्झौता गर्नु हुँदैन।मुख्य न्यायाधीश सुजय पल र न्यायाधीश पार्थ सारथी सेन सम्मिलित डिभिजन बेन्चले विधान सभामा विपक्षी दलका नेता शुभेन्दु अधिकारीले दायर गरेको निवेदनको सुनुवाइपछि यो निर्देशन जारी गर्नुभएको हो। न्यायालयले १८ फेब्रुअरीमा हुने अर्को सुनुवाइसम्ममा यी निर्देशनहरू कडाइका साथ लागू गर्न राज्य र शहर पुलिसलाई निर्देशन दिएको छ।

निवेदनमा विपक्षी दलका नेताले आरोप लगाउनुभएको छ कि भारतीय जनता पार्टी (भाजपा) का विधायक र सांसदहरू, जसमा दुई केन्द्रीय राज्यमन्त्रीहरू पनि समावेश छन्, उहाँहरु उपस्थित हुने सार्वजनिक राजनीतिक कार्यक्रमहरूमा सत्तारुढ तृणमूल कांग्रेसका कार्यकर्ताहरूले प्रायः विरोध, हिंसा र अवरोधको सामना गर्छन्। उहाँले पुलिसलाई घटनाहरूको पूर्व सूचना दिए पनि यस्ता घटनाहरू हुने गरेको बताउनुभएको छ।ज्ञात रहोस भाजपा लोकसभा सांसद खगेन मुर्मु र पश्चिम बंगाल विधान सभामा भाजपा प्रमुख सचेतक शंकर घोषको काफिलामाथि पनि आक्रमण भईसकेको छ। यी सबै तथ्यहरूलाई ध्यानमा राख्दै, उच्च न्यायालयले विपक्षी नेताहरूको लोकतान्त्रिक अधिकारको रक्षा गर्न र उनीहरूको राजनीतिक कार्यक्रमहरू डर वा अवरोध बिना सञ्चालन भएको सुनिश्चित गर्न पुलिसलाई स्पष्ट निर्देशन जारी गरेको छ।

**हर्ष वर्धन श्रृंगला/ CGHS**

आज राज्य सभा सांसद हर्ष वर्धन श्रृंगलाले संसदको शून्य कालमा दार्जीलिङ्ग पहाड र उत्तर बंगालमा केन्द्रीय सरकार स्वास्थ्य योजना (CGHS) सुविधाको अभावबारे गम्भीर रूपमा आवाज उठाउँदै यसतर्फ संसदको ध्यान आकर्शन गराउनुभयो। उहाँले उत्तर बंगाल र सिक्किममा दुई लाखभन्दा बढी CGHS लाभार्थी भए पनि हाल सिलिगुडीमा मात्र एक वेलनेस सेन्टर सञ्चालनमा रहेको बताउनुहुदै यसका कारण पहाडी क्षेत्रका मानिसहरुलाई स्वास्थ्य सेवा लिन असुविधा भएको बताउनुभयो।सांसद श्रृंगलाले दार्जीलिङ्ग, कालेबुङ, खर्साङ, मिरिक, नक्सलबारी र बागडोग्राका लाभार्थीहरूलाई आधारभूत स्वास्थ्य सेवाका लागि ८०–१२० किलोमिटर यात्रा गर्नुपरेको कुरा पनि उल्लेख गर्नुभयो। उहाँले पहाड र तराई क्षेत्रमा थप CGHS वेलनेस सेन्टर खोल्न, निजी अस्पतालहरूलाई समावेश गर्न र सिलिगुडीमा अतिरिक्त CGHS निर्देशक कार्यालय स्थापना गर्न सरकारसमक्ष माग पनि राख्नुभयो ।यसका साथै उहाँले सिलिगुडीको हल CGHS भवनलाई स्वीकृत BSNL भवनमा चाँडै सार्न र होप एण्ड हिल क्यान्सर अस्पताल, महाराज अग्रसेन अस्पताल जस्ता ठूला अस्पतालहरूलाई समावेश गर्ने प्रक्रिया पूरा गर्न पनि आग्रह गर्नुभयो।

**पश्चिम बंगालका प्रमुख उद्योगपति/बजेट प्रतिक्रिया**

पश्चिम बंगालका प्रमुख उद्योगपतिहरू, वाणिज्य संघका अध्यक्षहरू र व्यापार संघका अधिकारीहरूले केन्द्र सरकारले प्रस्तुत गरेको बजेटलाई सन्तुलित र विकासमुखी बताएका छन्। उद्योग जगतले बजेट स्पष्ट रूपमा पूर्वाधार, उत्पादन, लगानी र रोजगारी सिर्जनामा केन्द्रित रहेको विश्वास गर्दै, यसले अर्थतन्त्रलाई बढावा दिने बताएको छ। उद्योग जगतले यसलाई विकसित भारतको लागि रोडम्याप भनेको छ। यद्यपि, यसले सूक्ष्म, साना र मध्यम आकारका उद्यमहरू (MSME), पर्यटन र उपभोगलाई बढावा दिन थप ठोस नीतिगत सहयोगको आवश्यकता पनि व्यक्त गरेको छ। भारत चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रीका अध्यक्ष नरेश पचि-सियाले बजेटले औद्योगिक विकास र रोजगारी सिर्जनालाई प्राथमिकता दिएको बताउनुभएको छ।

***सोसाइटी ऑफ इंडियन मैन्युफैक्चरर्स एंड एक्सपोर्टर्स अध्यक्ष संजय बुधियाले बजेटमा पूर्वाधार, उत्पादन र लगानीलाई प्रवर्द्धन गर्ने प्रावधानहरू सकारात्मक रहेको बताउनुभएको छ। उहाँले यसले यसले घरेलु उद्योगलाई बलियो बनाउनेछ र रोजगारीका अवसरहरू बढाउनेछ भनि बताउनुभएको छ। ऑल इंडिया जेम एंड ज्वेलरी डोमेस्टिक काउंसिलका अध्यक्ष राजेश रोकडेले बजेटले रत्न तथा आभूषण उद्योग प्रति स्थिर र संवेदनशील दृष्टिकोण प्रतिबिम्बित गर्ने बताउनुभयो। उद्योगपति तथा व्यापारी नेता हर्ष बग्गाले कर प्रणालीमा स्थिरता कायम राख्न बजेटको कदम स्वागतयोग्य रहेको बताउनुभएको छ।पर्यटन तथा सेवा क्षेत्रका उद्योग प्रतिनिधि आशिष बग्गाले पूर्वाधारमा बढेको खर्चले अप्रत्यक्ष रूपमा पर्यटनलाई फाइदा पुग्ने तर यस क्षेत्रका लागि छुट्टै प्रोत्साहन प्याकेज दिन सकिने बताउनुभएको छ।***

**माध्यमिक परीक्षा वन विभाग**

आज देखि राज्यभरमा माध्यमिक परीक्षा शुरू भएको छ। जंगल संलग्न तथा हतियारहरू आवागमन हुने क्षेत्रहरूमा परीक्षार्थीहरूको सुरक्षालाई मध्यनजर गर्दै वन विभागले विशेष पहल गरेको छ। परीक्षार्थीहरूलाई सुरक्षित रूपमा परीक्षा केन्द्रसम्म पुऱ्याउनका लागि वन विभागद्वारा वाहन सेवा शुरू गरिएको छ।बिहानदेखिकै वन विभागका विशेष वाहन अनि राज्य सरकारका बसहरू बागडोगराको टिपुखोला तिरहाना, अर्ड अनि ताराबाड़ी, नक्सलबाड़ीको बेलगाछी र पानीघट्टा जंगल क्षेत्र तथा खोरीबाड़ीको बुड़ागञ्ज जस्ता जंगलले घेरिएका क्षेत्रहरूमा पुगेर परीक्षार्थीहरूलाई परीक्षा केन्द्रहरूमा पुऱ्याउन तत्पर छन्।जानकारी अनुसार जंगल संलग्न यी क्षेत्रहरूका सयभन्दा अधिक माध्यमिक परीक्षार्थीहरूले यस वर्ष विभिन्न परीक्षा केन्द्रहरूमा परीक्षा लेखिरहेका छन्।यस अतिरिक्त खरसाङ वन विभागको पहलमा विभिन्न रेञ्जहरूमा हेल्पलाइन नम्बरहरू पनि शुरू गरिएको छ।वन विभाग र राज्य सरकारको यस संयुक्त पहलबाट परीक्षार्थीहरुमा उत्साह दखिएको छ । सम्पूर्ण प्रबन्धको निगरानी खरसाङ वन विभागका डीएफओ र एडीएफओले गरिरहेका छन्। बागडोगरा रेञ्जका रेञ्जर सोनम भोटियाले बताए अनुसार, परीक्षार्थीहरूको सुरक्षालाई लिएर हरेक प्रकारको व्यवस्था गरेको छ।

**दार्जिलिङ 'जन्मदिन'**

01 फरवरी दार्जिलिङको इतिहासमा स्वर्ण अक्षरहरूमा अंकित छ। यसै दिन ऐतिहासिक सम्झौता (डीड अफ ग्रान्ट) अन्तर्गत तत्कालीन सिक्किमका छोग्याल (राजा)-ले दार्जिलिङलाई ब्रिटिश इस्ट इण्डिया कम्पनीलाई सुम्पिदिएका थिए। यस ऐतिहासिक दिनलाई आधुनिक दार्जिलिङको आधार मान्दै पहिलो पटक स्थानीय नागरिकहरूले हिज 'दार्जिलिङको जन्मदिन' मनाए।

यस अवसरमा हिमाली शहरका विभिन्न वर्गका मानिसहरू राजनीतिदेखि माथि उक्लेर लेबोंग कार्ट रोडस्थित एक प्राचीन श्मशान घाटमा भेला भए। लेफ्टिनेन्ट जनरल जर्ज डब्ल्यू. एल्मर लयड जसलाई दार्जिलिङ शहरको खोज तथा स्थापनाको प्रमुख शिल्पकार मानिन्छ। स्थानीय नागरिकहरूको पहलमा उनको समाधिमा माल्यार्पण तथा श्रद्धाञ्जली अर्पण गरी कार्यक्रम शुरू गरियो।आयोजकहरू अनुसार जर्ज लयड नै पहिलो व्यक्ति थिए जसले दार्जिलिङका सम्भावनाहरूलाई चिन्हित गरेर यसलाई एक आधुनिक हिमाली शहरको रूपमा विकसित गर्ने आधार राखे। आयोजकहरूले बताए अनुसार, यस वर्ष यो आयोजन सीमित रूपमा गरिएको छ, तर आगामी वर्षदेखि प्रत्येक वर्षको फरवरीमा

यसलाई व्यापक रूपमा मनाउने योजना छ। उनीहरूको मान्यता छ, यो दिनले दार्जीलिङको पर्यटन र सांस्कृतिक क्यालेण्डरमा एक महत्वपूर्ण स्थान लिनेछ।दार्जिलिङको यो 'जन्मदिन' इतिहास प्रेमीहरूको लागि मात्र विशेष नभएर आम मानिसहरूबीच शहर स्थापनाको इतिहासलाई लिएर नयाँ जिज्ञासा अनि रूचि उत्पन्न गर्नमा पनि सफल रहेको छ।

**सांसद राजु विष्ट**

सांसद राजु विष्टले सबका साथ, सबका विकास" को भावनालाई मूर्त रूप दिने र "विकसित भारत 2047" को लागि मार्गचित्र तयार गर्ने दूरदर्शी केन्द्रीय बजेट 2026-27 प्रस्तुत गर्नुभएकोमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी र वित्त मन्त्री श्रीमती निर्मला सीतारमण प्रति हार्दिक आभार व्यक्त गर्नुभएको छ | एक सोसियल मिडिया पोष्टमा उहाँले सिलिगुडी देखि वाराणसी जोड्ने हाई-स्पीड रेल करिडोर जुन दिल्लीसँग पछि थप जोडिने घोषणा गर्नुभएकोमा प्रधानमन्त्री नरेन्द्र मोदी र वित्त मन्त्री श्रीमती निर्मला सीतारमणलाई धन्यवाद दिनु भएको छ । श्री विष्ट भन्नुभयो यो करिडोरले उत्तर बंगाल, पूर्वी भारत, पूर्वोत्तर राज्यहरूमा यात्री गतिशीलता, पर्यटन र व्यावसायिक यात्रामा नाटकीय रूपमा सुधार गर्नेछ, जसले गर्दा यस क्षेत्रलाई राष्ट्रिय विकास केन्द्रहरूसँग अझ नजिकबाट एकीकृत गरिनेछ।

**कलकत्ता उच्च अदालत / शब-ए-बारात**

कलकत्ता उच्च अदालतले शब-ए-बारातको समयमा अवैध र पर्यावरणीय रूपमा हानिकारक पटाकाको प्रयोग विरुद्ध कडा निर्देशन जारी गरेको छ। अदालतले प्रदूषण नियन्त्रण बोर्ड र पुलिस प्रशासनलाई नियम उल्लङ्घन गर्ने कुनै पनि पटाका प्रयोग गर्न अनुमति नदिन आदेश दिएको छ।प्रधानन्यायाधीश सुजय पालको नेतृत्वको डिभिजन बेन्चले राति १० बजेदेखि बिहान ६ बजेसम्म कुनै पनि पटाका पड्काउन नपाइने स्पष्ट पारेको छ। बेन्चले नियमअनुसार अनुमति दिइएका र पर्यावरणलाई हानि नगर्ने पटाका मात्र शब-ए-बारातको समयमा प्रयोग गर्न सकिने बताएको छ।

****** ० ******